जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७४ पृष्ठः ४ | २०८२ फाल्गुन १२ मंगलबार (Tuesday 24 Feb. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## एमाले छाडेकी निवर्तमान सांसद थपलिया रास्वपामा प्रवेश



सिरहा, ११ फाल्गुन। नेकपा एमालेकी निवर्तमान सांसद सम्झना थपलिया राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेकी छिन्। सिरहाको गोलबजारमा आयोजित एक विशेष कार्यक्रमबिच थपलियासहितका एमाले नेता–कार्यकर्ता रास्वपामा भित्रिए। उनीहरूलाई रास्वपाका नेता तथा समानुपातिक उम्मेदवार पुरुषोत्तम यादवले पार्टीमा स्वागत गरेका थिए। थपलिया ०७९ को निर्वाचनमा खस आर्यतर्फकी समानुपातिक सांसद हुन्।

लामो समय एमालेमा सक्रिय रहेकी थपलियाले केही समयअघि मात्रै नेकपा एमाले सिराहा जिल्लामा परिवारवाद हाबी भएको र पुराना कार्यकर्ताको मूल्यांकन नभएको आरोप लगाउँदै पार्टी परित्यागको घोषणा गरेकी थिइन्।

## पेशागत सुरक्षा सुनिश्चित गर्ने उम्मेदवारलाई मजदुरको मत

**सुधा देव**

सप्तरी, ११ फाल्गुन। मजदुरहरूको पेशागत सुरक्षा र आर्थिक सशक्तीकरण सुनिश्चित गर्ने प्रतिबद्धता जनाउने उम्मेदवारलाई मत दिने सप्तरीका मजदुरहरूले बताएका छन्। जिल्लाका मजदुरहरू हरेक दृष्टिकोणले पछाडि परेको अवस्थामा उनीहरूको पीडा सुन्ने र व्यवहारमा कार्यान्वयन गर्ने उम्मेदवार अहिलेसम्म नभेटिएको सप्तरीमा लामो समयदेखि मजदुरी गर्दै आएका आपताब आलमले बताउनुभयो। उहाँका अनुसार चुनावका बेला उम्मेदवारहरूले विभिन्न क्षेत्र समेटिएको घोषणापत्र सार्वजनिक गर्दै प्रतिबद्धता जनाए पनि मजदुरका मुद्दा प्राथमिकतामा नपरेको गुनासो गर्नुभयो।



"चुनावको समयमा उम्मेदवारहरूले घोषणापत्र देखाएर मत माग्छन्, तर कार्यान्वयन हुँदैन। अहिलेसम्म हामी मजदुर प्राथमिकतामा परेका छैनौं," उहाँले भन्नुभयो। यसपटक भने मजदुरहरूको हकहित सुनिश्चित गर्ने उम्मेदवारको खोजी भइरहेको उहाँले बताउनुभयो। तीन दशकदेखि मजदुरी गर्दै आउनुभएका परमानन्द साहले मजदुरको पेशा सुनिश्चित गर्ने, उचित पारिश्रमिक र पेशागत सुरक्षाको ग्यारेन्टी गर्ने उम्मेदवारलाई मात्र मत दिने बताउनुभयो। उहाँका अनुसार मजदुरहरू समयअनुसार उचित ज्याला र पेशागत सुरक्षासहितको घोषणापत्रको प्रतीक्षामा छन्। अखिल नेपाल ट्रेड युनियन मधेस प्रदेशका अध्यक्ष केदार देवले मजदुरहरूलाई सधैं उपेक्षा गरिएको बताउनुभयो। "उम्मेदवार र नेताहरूले मजदुरलाई जहिले पनि विभेद र उपेक्षा गर्दै आएका छन्। सरकारले तोकेको दैनिक ज्याला समेत व्यवहारमा कार्यान्वयन हुन सकेको छैन," उहाँले भन्नुभयो। मजदुरका मुद्दा घोषणापत्रमा समेट्न नसक्दा उनीहरू थप मारमा परेको उहाँको भनाइ छ।

जिल्लाका अधिकांश उम्मेदवारहरूले अझैसम्म घोषणापत्र सार्वजनिक नगरेको र

–बाँकी तीन पेजमा

## पर्सामा कर्फ्यु हटाइयो, निषेधाज्ञा लगाइयो

काठमाडौँ, ११ फाल्गुन। पर्सामा कर्फ्यु हटाएर निषेधाज्ञा लगाइएको छ। सोमबारको जिल्ला सुरक्षा समितिको निर्णयअनुसार अपराह्न साढे ४ बजेदेखि लागू हुने गरी कर्फ्यु आदेश हटाइएको हो। परिस्थिति पूर्ण रूपमा सामान्य नभएकाले वर्तमान अवस्था समेतलाई मध्यनजर गरी वीरगञ्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा बेलुकी ६ बजेदेखि भोलि बिहान ८ बजेसम्मका लागि कुनै किसिमको भेला गर्न, सभा, जुलुस तथा प्रदर्शन गर्न नपाउने गरी निषेधाज्ञाको आदेश जारी गरिएको छ।

उक्त आदेशको उल्लंघन गर्नेलाई नियन्त्रणमा लिई कानुन बमोजिम कारबाही गरिने छ। दुई जनाकोबिचमा भएको विवादलाई बढाएर सम्प्रदायबिचको सम्बन्धमा खलल पार्ने कार्यमा संलग्नहरुलाई कानुनी दायरामा ल्याउने र त्यसमा धार्मिक अगुवाहरुले सहजिकरण गर्ने निर्णय गरिएको छ। व्यक्तिगत घटनालाई

–बाँकी तीन पेजमा

## जसपा नेपालद्वारा महोत्तरीका दुई पालिका प्रमुखसहित १४ जनालाई कारबाही

महोत्तरी, ११ फाल्गुन। जनता समाजवादी पार्टी नेपालले महोत्तरीको जलेश्वर नगरपालिकाका नगरप्रमुख र पिपरा गाउँपालिका अध्यक्षसहित १४ जनालाई कारबाही गरेको छ। जनता समाजवादी पार्टी नेपालले प्रतिनिधि सभाका अधिकारिक उम्मेदवारको पक्षमा नकारात्मक गतिविधि गर्ने जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनार र पिपरा गाउपालिका अध्यक्ष राम जानकी यादवसहित १४ जना नेता तथा कार्यकर्तालाई पार्टी विधान उल्लंघन गरेको भन्दै निष्कासन गरेको छ।

पार्टी जिल्ला समिति महोत्तरीले जारी गरेको प्रेस विज्ञप्तिमा यो निर्णय तत्काल लागू हुने जानकारी दिएको छ। पार्टीले उम्मेदवारको चुनाव चिन्ह छाता छापमा मोहर लगाएर विजयी बनाउने उद्देश्यमा सम्पूर्ण नेता, कार्यकर्ता तथा आम जनसमुदायलाई हार्दिक समर्थन र सहकार्यको लागि आह्वान गरेको छ। पार्टीको अधिकारिक

–बाँकी तीन पेजमा




**प्रजातन्त्रको सम्मान गरौं।**

- राज्यशक्तिका स्रोत जनता हुन्।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।
- प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकार, आयोग र दलहरू बढी जिम्मेवार होऊन्

प्रतिनिधि सभाको निर्वाचनको लागि मतदानको दिन फागुन २१ नजिकिएसँगै प्रमुख राजनीतिक दलका नेताहरूले निर्वाचनको वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गरिरहेका छन्। नेकपा ९एमाले०का नेताहरूले त पटकपटक निर्वाचन निष्पक्ष हुँदैन कि भन्ने सन्देह प्रकट गरिरहेकै थिए नेपाली कांग्रेसका प्रवक्ताले समेत सरकारलाई निष्पक्ष र भयरहित वातावरण सुनिश्चित गर्ने सरकारको दायित्व स्मरण गराए। हुन त निर्वाचन मतदानको दिन सम्पन्न हुने प्राविधिक प्रक्रियामात्र होइन। तर अझै पनि निर्वाचनको स्वच्छता भन्नेबित्तिकै कम्तीमा मतदान भयरहित वातावरणमा होस् र मतदाताले विवेक प्रयोग गर्न पाउन् भन्ने बुझिन्छ। केही दिन यता एकाध दलका नेताका उत्तेजक अभिव्यक्ति र तिनको कार्यकर्ताका आक्रामक क्रियाकलापका कारण नेताहरूले सरकारसँग निर्वाचन निष्पक्ष र भयरहित हुने वातावरण निर्माण गर्न भनेका होलान्।

हिंसात्मक तथा उत्तेजक अभिव्यक्तिका कारण मतदाताहरू पनि तर्सेका हुन्छन्। संत्रस्त मानसिकतामा रहेका नागरिकले कसरी ढुक्कसँग मतदान गर्न सक्छन् र रु यद्यपि, प्रमुख निर्वाचन आयुक्तले तोकिएकै मिति र समयमा निर्वाचन सम्पन्न हुनेमा संशय नगर्न भन्दै मतदाता र नेताहरूलाई आश्वस्त तुल्याउन खोजेका छन्। उनको दृढता हेर्दा भने निश्चित मितिमा भयरहित वातावरणमा मतदान सम्पन्न हुने विश्वास गर्न सकिने देखिन्छ। विश्वास कायम रहन भने निर्वाचनको वातावरण बनेको वा नबिथोलिने दाबी मात्रले पर्याप्त हुँदैन। त्यसलाई साबित गर्ने पारदर्शिता, सुरक्षा व्यवस्थापन, प्रशासनिक तटस्थता र सूचनाको विश्वसनीयता अपरिहार्य हुन्छ। यतिमात्र होइन निर्वाचनलाई स्वच्छ, भयरहित र निष्पक्ष बनाउन जारी गरिएको आचार संहिताको दलहरूका साथै सञ्चार माध्यमलगायत समाजका सबै पक्षले सम्मान गर्नु आवश्यक देखिन्छ।

अन्ततः निर्वाचन लोकतन्त्रको उत्सव मात्र होइन, उत्तरदायित्वको परीक्षा पनि हो। सरकारको कर्तव्य भयरहित वातावरणको निर्माण तथा राज्य संयन्त्रको निष्पक्षता सुनिश्चित गर्नु हो भने दलहरूको कर्तव्य आचार संहिताको विधि र निषेधको लक्ष्मणरेखा नानाघी जनतासामु नीतिगत विकल्प प्रस्तुत गर्नु हुन्छ। यस्तै निर्वाचन आयोगले सम्पूर्ण प्रक्रियाको स्वच्छता कायम राख्नु हो भने सञ्चार माध्यम पनि वातावरण बिग्रन नदिन सजग हुनै पर्छ। जनतामा स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचन हुने विश्वास बलियो भयो भनेमात्र निर्वाचन परिणामले नैतिक वैधता पनि हासिल गर्छ। जनविश्वास डगमगायो भने कानुनी वैधता भए पनि निर्वाचनको उद्देश्य अपूरो हुन्छ। त्यसैले निर्वाचन गराउनुमात्र पर्याप्त हुँदैन जनविश्वास पनि जित्नुपर्छ भन्ने हेक्का राख्नु आवश्यक छ। लोकतन्त्रमा असली जित त मतपेटिकामा मात्र नभएर नागरिकको मनमा पनि हुनुपर्छ।

# यसपटक घोषणापत्रमा समस्याको उठान र समाधान पनि देखिन्छ



**प्रा.डा.शिवराज अधिकारी**
पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

चुनावी घोषणापत्रमार्फत सबैजसो राजनीतिक दलहरूले अर्थतन्त्र सुधारका लागि विशेष सम्बोधन गर्न खोजेका छन् देशको सुस्त आर्थिक वृद्धि, बढ्दो बेरोजगारी, उच्च आयात निर्भरता र घट्दो लगानीलाई सम्बोधन गर्ने प्रतिबद्धता अधिकांश दलको साझा विषय बनेको छ। दलहरूले कृषि आत्मनिर्भरता, युवा उद्यमशीलता, स्टार्टअप प्रवर्द्धन, पर्यटन विस्तार र वैदेशिक रोजगारीको विकल्प सिर्जना जस्ता विषयलाई अर्थतन्त्रको मूल आधारका रूपमा अघि सारेका छन्। केही दलले कर संरचना पुनरावलोकन, राजस्व चुहावट नियन्त्रण र सुशासनमार्फत आर्थिक सुधार गर्ने प्रतिबद्धता जनाएका छन्। यसपटकका घोषणापत्रहरूमा अर्थतन्त्र पुनरुत्थान, रोजगारी सिर्जना, उत्पादन वृद्धि र लगानीमैत्री वातावरण निर्माण मुख्य साझा बिन्दुका रूपमा देखिन्छन्। तर, कार्यान्वयन पक्ष र स्रोत व्यवस्थापनको स्पष्ट खाका कति प्रभावकारी रूपमा अघि बढ्छ भन्ने विषय नै मतदाताका लागि निर्णायक हुने देखिन्छ।

**कार्यान्वयनयोग्य घोषणापत्रमा प्रति बढी ध्यान**

राजनीतिक दलहरुको घोषणापत्रमा अर्थतन्त्रबारे के–के रहेछन्, अहिलेका मुद्दा, अर्थसम्बन्धी राजनीतिक मुद्दा के–के रहेछन् भन्ने देखिन्छ। यो सकारात्मक पक्ष हो। कतिपय घोषणापत्रमा कसरी लेख्ने र कसरी गर्ने भन्ने आ–आफ्नै तौरतरिका देखिएका छन्। कतिपय दलहरुले नागरिकले बुझ्ने भाषामा घोषणापत्र बनाएका छन् भने कतिपय दलहरुले स्टन्ट अर्थात् प्रचारबाजी शैली अपनाएको देखिन्छ। दलका घोषणापत्रमा समस्याको उठान र समाधान पनि आएको देखिन्छ। सबै दलका घोषण पत्र पक्ष/विपक्ष दुवै खालका छन्। विश्वविद्यालयका अनुसन्धानकर्ता र सञ्चारमाध्यममा काम गर्नेका लागि अहिलेको राजनीति कसरी अगाडि बढिरहेको रहेछ भनेर छलफल गर्नका लागि मुद्दाहरु उठाएका छन्। यो भनेको अर्थतन्त्र कस्तो रहेछ भनेर निदानको पाटो हो। अर्को भनेको राजनीतिक दलहरुको घोषणापत्रमार्फत गर्न सकिने मुद्दाहरु उठाएका छन्। भोलिका दिनमा जुनसुकै सरकार आए पनि सबै दलका घोषणपत्रमा भएका राम्रा र कार्यान्वयन गर्न सक्ने विषयहरुमा काम गर्न सकिने अवस्था देखिएको छ।

**पहिलेका घोषणापत्रभन्दा अहिले फरक**

अहिले राजनीतिक दलहरुले ल्याएको घोषणपत्र पहिलेको भन्दा केही न केही फरक देखिन्छ। तर कतिपय विषयहरु दोहोरिएका पनि छन्। पहिले राजनीतिक दलहरुले घोषणपत्रमा गर्नै नसकिने खालका अथवा ठूला–ठूला कुराहरु समावेश गरेको देखिन्थ्यो। अहिले सबै दलहरु यथार्थपरक बनेको जस्तो देखिन्छ। यथार्थपरक बन्दा बन्दै कतिपय बुँदा पढ्दै जाँदा प्रचारबाजी शैली अपनाएको हो कि जस्तो पनि देखिन्छ। अर्थतन्त्रमा परिवर्तन गर्ने भन्दा पनि नागरिकलाई खुशी पार्नेतर्फ दल लागेको जस्तो पनि देखिएको छ। यी कुराहरु विकासकै क्रमहरु रहेछन्। राजनीतिक दलहरुले गर्ने कार्यमा तौरतरिका, बनाउने तरिका, कसरी जानुपर्छ, नागरिकले कसरी बुझ्छन् भन्ने तरिकामा पनि भर पर्छ। पहिले भन्दा अहिले नागरिकको चेतना र ज्ञानको दायरा बढेको छ। साथै दलहरुले गरेका कामको मूल्याङ्कन गर्न पनि थालेका छन्। नागरिकको स्तर बढ्दै जाँदा दलहरुको घोषणापत्र पनि माथिल्लोस्तरको हुँदै जाने रहेछ भन्ने देखाएको छ।

**घोषणपत्रमा उल्लेख भएका सबै बुँदा बजेटमा समावेश गराउन सकिन्न**

पहिले दलहरुका घोषणपत्र अलि गहिरिएर हेर्दा कतिपय दलका घोषणापत्र, घोषणपत्र मात्रै त हो भन्ने हुन्थ्यो। अनुसन्धानकर्ता र सञ्चारमाध्यमले घोषणपत्रलाई कार्यान्वयन भयो कि भएन भनेर मूल्याङ्कन गर्न थालेपछि दलहरुले कार्यान्वयन गर्न सकिने खालको बनाउन थालेको देखिन्छ। घोषणापत्रमा कामको मूल्य र त्यसको बजेट लेख्ने चलन छैन। यसो नहुँदा पनि पृष्ठभूमिमा कामको खर्च कति लाग्छ भनेर देखाउन सके अझ स्पष्ट हुन्छ। अर्थतन्त्रको आकार कति बनाउने भन्ने बारेमा चर्चामा आएका मुख्य राजनीतिक दलहरुको उस्तै–उस्तै देखिन्छ। यसको अर्थ पृष्ठभूमिमा हिसाब गरेर यति हुन्छ भनेर लेखिएको जस्तो लाग्छ। तर अलिअलि दलहरुले नागरिकलाई आफूतर्फ ध्यान बढाउन प्रचारमुखी विषय घोषणापत्र समावेश गरिरहेका हुन्छन्। घोषणपत्रमा उल्लेख भएका सबै बुँदालाई बजेट बनाउँदा उस्तै गराउन सकिन्न। तर घोषणपत्रको अवधारणालाई लिएर बजेटमा कार्यान्वयन गर्न सकिन्छ।

**घोषणपत्रका हरेक बुँदामा एकरूपता चाहिन्छ**

घोषणापत्रमा दुई वटा पक्ष हुन्छन्। घोषणापत्र राजनीतिक रूपमा जनाउने भएकाले देशको अर्थतन्त्रको अवस्था र कार्यान्वयन गर्ने विधि समावेश हुन्छ। यस्तै राजनीतिमा जहिले पनि जे भइरहेको छ वा जति सकिन्छ त्यो भन्दा अलि बढी आशावादीका कुरा गरिन्छ। कार्यान्वयन गर्न सकिने वाचालाई राम्रोसँग घोषणपत्रमा समावेश गर्न सके यथार्थपरक परिवर्तन ल्याउँछ। घोषणपत्रमा राखिएका हरेक बुँदा एक अर्कामा सम्बिन्धित हुन्छन्। बुँदाहरुमा फरक–फरक कुरा लेख्न थालियो भने दलहरुको बुझाइ रहेनछ भन्ने बुझाउँछ। एउटा पार्टीको घोषणापत्र र अर्को पार्टीको घोषणापत्रमा विरोधाभास भए पनि कुनै समस्या हुँदैन। यो यथार्थपरक पनि हो र हुनुपर्छ। तर एउटै पार्टीको घोषणापत्रमा हरेक बुँदामा विरोधाभास भयो र भनेका कुरामा एकरूपता देखिएन भने पछि कार्यान्वयन गर्न पनि सजिलो हुँदैन र प्रोत्साहन पनि दिँदैन। यसरी दलहरुले घोषणापत्र बनाएको भए सबै दलका घोषणापत्र कार्यान्वय सकिने खालको हुन्थ्यो।

**सरकारमा नगए पनि दलहरुले आफ्ना मुद्दाहरु उठाइरहनु पर्छ**

दलहरुले चुनावमा जानुअघि घोषणापत्रमा आफू सरकारमा गएको अवस्थामा गर्ने खाका समावेश गर्छन्। यसलाई कुनै दलले करारनामा, वाचापत्र, प्रतिज्ञापत्र लगायतका नाम दिएका छन्। जसले जे भने पनि यो घोषणापत्र नै हो। साथै सरकारमा जाँदा गर्ने काम नै भनेको हो। तर दलहरुले यसरी घोषणपत्र बनाउँदै गर्दा सबै दलहरु सरकारमा जाँदैनन्। हाम्रो जस्तो निर्वाचन संरचनामा कुनै पनि दलले बहुमत ल्याउन कठिन हुने भएको हुँदा दलहरुले आफ्ना घोषणापत्र लागू गर्न पहलकदमी गर्नुपर्छ भन्ने सन्देश दिनुपर्ने देखिन्छ। सरकारमा नगए पनि दलहरुले आफ्ना मुद्दाहरु उठाउनुपर्छ। यसले दलहरुलाई परीक्षण गर्न मद्दत पुग्छ जसले आउने दिनमा नागरिकको मन जित्न सहयोग गर्छ। सरकारमा गएको दलले आफ्नो इच्छाअनुसार फटाफट काम गर्न सक्छ। तर विपक्षमा भएका देलहरुले बारम्बार जागरुक बनाइरहनुपर्छ। जसले गर्दा प्रतिपक्ष दलका आकर्षक विषयहरु सरकारमा गएको दललाई अनुसरण गर्न बाध्य पनि बनाउन सकिन्छ। यसले घोषणापत्रमा समावेश भएका विषयलाई कार्यान्वयन गर्न र निर्णय गर्न पनि मद्दत पुग्छ। प्रतिपक्षमा हुने दलको निर्णायक भूमिका नहुने भएकाले मुद्दाको उठान भयो कि भएन भनेर हेर्नुपर्छ। साथै सरकारमा पुगेको दलले घोषणापत्रमा उल्लेख गरेका कुरा कार्यान्वयनमा लगेको छ कि छैन भनेर ताकेता गरिरहनुपर्छ। *( राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा.डा.शिवराज अधिकारीसँग विकाश चापागाईंले गरेको कुराकानीमा आधारित)*

*उज्यालो अनलाइनबाट*

# नेता व्यवस्थापनमा चुक्दा मधेसमा रास्वपालाई समस्या

काठमाडौं, ११ फाल्गुन। फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदै छ। यसपटक खासगरी मधेस प्रदेशमा २०७९ को निर्वाचनताका उदाएको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अस्वाभाविक लहर देखिएको छ। तर जति निर्वाचन नजिकिँदै छ, उति यो दलले क्षति भोगिरहेको छ। अर्थात् संस्थापनमा रहेका नेताहरूले धमाधम पार्टी छाडिरहेका छन्। तराई–मधेसमा देखिएको प्रारम्भिक जनलहरमा केही कमी देखिन थालेको चर्चा हुन थालेको छ। तराई–मधेसमा रास्वपाको सांगठनिक संरचना अन्य क्षेत्रको तुलनामा अत्यन्तै कमजोर छ। कतिपय ठाउँमा त तल्ला तहका कमिटीहरू समेत गठन भएका छैनन्।

वीरगञ्जका अधिवक्ता वीरेन्द्र यादवका अनुसार जनताले रास्वपामाथि गरेको विश्वासलाई फागुन २१ गतेसम्म बचाइराख्न सक्ने नेता तथा व्यवस्थापकको अभाव खड्किन थालेको छ। उनी भन्छन्, 'रास्वपाको पक्षमा अहिले जनताको रुझान देखिए पनि, त्यसलाई मतदानको दिनसम्म कायम राख्न सक्ने प्रभावकारी व्यवस्थापकीय नेतृत्वको कमी छ।' मधेसमा कांग्रेस, एमाले, नेकपा, जनता समाजवादी पार्टी नेपाल आदिको वडा तहसम्म बलियो संगठन छ र उनीहरूसँग हरेक कुरालाई व्यवस्थापन गर्न सक्ने अनुभवी नेताहरू छन्। तर रास्वपाको सांगठनिक आधार कमजोर छ। अहिले रास्वपामा लागेका भनिएका अधिकांश नेता तथा कार्यकर्ताहरू पनि अन्य राजनीतिक दलबाट आएका हुन्।

सिराहाका वरिष्ठ पत्रकार चन्द्रदेव कामती रास्वपाका उम्मेदवारहरूको पछि लाग्ने युवा कुनै न कुनै अन्य दलबाट आएका बताउँछन्। 'भोलि गएर उनीहरू रास्वपाको साथमा रहन्छन् या रहँदैनन् भन्ने ठुलो चुनौती रास्वपासँग छ,' कामती भन्छन्। मधेस प्रदेशमा विगतमा एमाले सबैभन्दा बलियो दल थियो, त्यसपछि कांग्रेस र माओवादी केन्द्र। अहिले यहाँ एमालेको प्रभाव घट्दै छ भने कांग्रेसको केही हदसम्म बढ्दै गएको देखिन्छ। नेकपा र मधेसवादी दलहरूको अवस्था भने भन्न सक्ने अवस्था छैन। यद्यपि यी दलहरूसँग बलियो सांगठनिक शक्ति छ र मतदाता तान्ने रणनीतिहरू पनि।

**कांग्रेसको सक्रियता र रास्वपाप्रति बढ्दो विकर्षण**

कामतीका अनुसार रास्वपाप्रति सुरुवाती आकर्षणमा कमी आउनुको मुख्य कारण कांग्रेसको सक्रियता हो। 'तराई–मधेसमा कांग्रेस अहिले निकै सक्रिय हुन थालेको छ। विभिन्न पार्टी छोडेर कांग्रेसमा प्रवेश गर्नेहरूको लहर चलेको छ, जसले रास्वपाको जनलहरलाई प्रभावित गरेको छ,' उनी भन्छन्। एमाले र माओवादी केन्द्र अझै पूर्ण रूपमा सक्रिय हुन बाँकी छ। फागुन १५ गतेदेखि एमालेको सक्रियता बढ्ने र त्यसपछि रास्वपाको जनलहर अझै घट्ने कामतीको बुझाइ छ। अधिवक्ता यादवले पनि सुरुमा रास्वपाको जुन माहोल थियो, त्यो अहिले नदेखिएको बताए। पछिल्लो समय रास्वपा छोड्ने क्रम पनि बढेको छ। पर्सा र बारामा नै धेरैले रास्वपा छोडेर अन्य पार्टीमा गएकाले जनलहर घट्दै गएको उनको विश्लेषण छ।

यादवका अनुसार रास्वपामा मतदाता धेरै भए पनि त्यसलाई व्यवस्थित गर्ने जनशक्तिको अभाव छ। चुनावको दिनसम्म यी मतदाता जोगाउन नसकिए रास्वपालाई गाह्रो हुने देखिन्छ। रास्वपा नयाँ पार्टी भए पनि यसमा अधिकांश पुराना नेता तथा कार्यकर्ताहरूले स्थान पाएका छन्।

**टिकट वितरणमा असन्तुष्टि**

तराई–मधेसमा असन्तुष्टिको एउटा प्रमुख कारण, टिकट वितरणमा असन्तुष्टि हो। रास्वपामा सुरुदेखि लागेका नेता तथा कार्यकर्ताहरूले टिकट

**–बाँकी तीन पेजमा**

### *नेता व्यवस्थापनमा ...*

पाएनन्, तर अन्य पार्टीबाट आएकाहरूले सजिलै पाए। यस असन्तुष्टिका कारण पनि केहीले पार्टी छोडेका छन्। 'पार्टी नयाँ छ तर उम्मेदवारहरू उही पुरानै छन् भने नयाँ र पुराना पार्टीमा के फरक ?' मधेसमा यो प्रश्न उठ्न थालेको छ। यद्यपि, धनुषा–३ बाट राष्ट्रिय मुक्ति पार्टीका पूर्वउम्मेदवार तथा हाल रास्वपा प्रवेश गरेका डा. राजीव झाले रास्वपाले तीव्र गतिमा संगठन विस्तार गरिरहेको दाबी गरेका छन्। उनले जनकपुर उपमहानगरपालिकाका सबै वडामा वडा कमिटी, बुथ कमिटी र युथ कमिटी बनिसकेको बताए। 'रास्वपामा प्रवेश गर्नेहरूको लहर चलेको छ, हामीले नै भ्याइरहेका छैनौँ,' उनले भने। फागुन २१ गतेसम्म सबै कार्यकर्ता तथा नेताहरूलाई सांगठनिक रूपमा आबद्ध गराउने लक्ष्य रहेको उनको भनाइ छ।

मधेस प्रदेशमा ३२ वटा निर्वाचन क्षेत्र छन्। अधिकांश उम्मेदवारहरू पुराना दलबाट आएकाले टिकट पाएका छन्, कतिपय त भर्खर पार्टी छोडेर आएका हुन्। तर रास्वपा स्थापनाकालदेखि लागेकाहरूले टिकट नपाएपछि रुष्ट भएर कांग्रेस वा अन्य पार्टीमा गएका छन्, जसले रास्वपामाथि नकारात्मक असर पारेको छ। रास्वपाका नेता पुरुषोत्तम यादव भने मधेसमा मात्र नभई देशभर नै पार्टीप्रति आकर्षण बढ्दै गएको दाबी गर्छन्। उनले कांग्रेस, एमाले, माओवादी, जसपा नेपालका ठुला नेताहरू रास्वपामा आउन तयारी अवस्थामा रहेको तर आफूहरूले व्यस्तताका कारण समय दिन नसकेको बताए। दुई–चार जनाले पार्टी छोड्दैमा कुनै असर नपर्ने बताउँदै उनले मधेस प्रदेशका ३२ वटै सिट जित्ने दाबी गरे।

२०७९ को चुनावमा रास्वपाले मधेस प्रदेशमा समानुपातिकतर्फ एक लाख सात हजार ८४ र प्रत्यक्षतर्फ ३२ हजार ५३७ मत मात्र ल्याएको थियो। मधेस प्रदेशमा कुल ३३ लाख ८६ हजार ६२८ मतदाता छन्। पत्रकार कामतीका अनुसार रास्वपालाई प्रत्यक्षभन्दा बढी समानुपातिकमा मत आउने सम्भावना छ, किनकि प्रत्यक्षमा ठुला दलहरूको वर्चस्व छ। जनलहर समानुपातिकमा फाइदाजनक हुने भए पनि संगठनको मत संगठनमै जाने उनको बुझाइ छ। रास्वपाको हालसम्मको संगठन वा मत सहर बजारकेन्द्रित छ र सबैभन्दा कमजोर मधेसमा नै देखिएको छ। यही कारण रणनीतिक रूपमा रास्वपाका सभापति रवि लामिछानेले बालेन शाहलाई उतारेको विश्लेषण पनि छ।

**असन्तुष्ट मतदाता**

पछिल्लो समय एमालेको झण्डा रास्वपाका कार्यकर्ताले जलाएको समाचार बाहिरिएपछि त्यसले पनि नकारात्मक असर पारेको छ। जनकपुरकी पत्रकार स्नेहा झाका अनुसार रास्वपाका नेता तथा कार्यकर्ताहरूले अरूलाई स्वीकार गर्न नमान्ने र आफू मात्रै हो, अरू कोही छैनजस्तो व्यवहार देखाएका कारण पनि मतदाताहरू चिढिन थालेका छन्। 'कहीँ झण्डा च्यात्ने, कहीँ जलाउने, पार्टी कार्यालय तोडफोड गर्ने वा राँको बाल्नेजस्ता गतिविधिले मतदातालाई उत्साहित होइन, हतोत्साहित बनाएको छ,' उनले बताइन्।

### *जसपा नेपालद्वारा...*

उम्मेदवारविरूद्ध गतिविधि गर्ने ती नेताहरूलाई पहिलो पटक माघ १९ र अन्तिम पटक फागुन ८ मा सचेत गराइएको थियो। निष्कासन गरिएका नेताहरूमा कुशेश्वर सिंह, कुमरकान्ता, शेष जाली, सविता कुमारी देवी, रामनन्दन यादव, मोजिम राइन, सुरेश साह सोनार, संतोष साह, रामजानकी यादव, रामप्रकाश यादव, शम्भु यादव, राहुल पाण्डेय, श्याम यादव र हरि नारायण मण्डल रहेका छन्।

यससँगै, श्याम यादव र हरि नारायण मण्डललाई पार्टी केन्द्रीय समितिमा र पिपरा गाउपालिकाकि उपाध्यक्ष वन्दना पाण्डेयलाई प्रदेश समितिमा निष्कासनको लागि सिफारिस गरिएको छ। पार्टीका जिल्ला अध्यक्ष रामबाबु साह र रामनरेश रायले जारी गरेको विज्ञप्तिमा पार्टीको अनुशासन, विधान र हितको रक्षा गर्दै आगामी निर्वाचनमा सबैले पार्टी उम्मेदवारको समर्थन गर्नुपर्ने उल्लेख छ।

यसअघि पनि माघ १४ गते जसपा नेपालले पूर्वमन्त्रीसहित आठ जनालाई कारबाही गरेको थियो। प्रतिनिधि सभा चुनावमा पार्टीको नीति तथा निर्णय विपरित पार्टीको आधिकारिक उम्मेदवारहरूविरूद्ध उम्मेदवारी दिएको भन्दै जसपा नेपालले पूर्वमन्त्री हरिनारायण यादव, प्रदिप यादव (पर्सा), चन्दनकुमार सिंह ( बारा), आत्माराम साह (बारा), कमरूल्लाह अन्सारी (बारा), उदयकान्त मिश्र (सर्लाही), नवलकिशोर सिंह (बारा) र डा. शिवजी यादव (महोत्तरी)लाई कारबाही गरेको थियो।

### *पेशागत सुरक्षा ...*

सार्वजनिक गरिएकामा पनि मजदुरका मुद्दा स्पष्ट रूपमा समेटिएको नदेखिएको उहाँले बताउनुभयो। यद्यपि, जिल्लाबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारहरूले भने आफू निर्वाचित भए मजदुरको हकहितमा काम गर्ने प्रतिबद्धता जनाएका छन्।

### *पर्सामा कर्फ्यु ...*

लिएर घृणापुर्ण अभिव्यीक्त दिने र सामाजिक सञ्जालमा त्यसबारे अनधिकृत पोष्ट गर्नेलाई विद्युत्तिय कारोबार ऐन अनुसार कारबाही गर्ने निर्णय भएको छ। आगामाी दिनमा धार्मिक सहिष्णुता कायम राख्न नागरिक समाज र राजनैतिक दलहरु लगायतले विज्ञप्ति प्रकाशन गर्ने निर्णय गरिएको छ।

# सत्ता, शक्ति र मतको दुरुपयोगले डुबायो मधेसको सामुदायिक विद्यालय

## पूर्व शिक्षामन्त्री उम्मेदवार रहेको क्षेत्रका मतदाता भन्छन्, 'शिक्षालय कि सत्तालय ?'

**राजकरण महतो**

महोत्तरी, ११ फाल्गुन। प्रतिनिधिसभा सदस्यको चुनाव नजिकिँदै गर्दा उम्मेदवारहरू मतदातालाई रिझाउन गाउँ–गाउँ डुलिरहेका छन्। तर, मत माग्ने भाषण र विकासका नाराबीच महोत्तरी क्षेत्र नम्बर–१ स्थित बर्दिबास नगरपालिका–१३, डाँडाटोल बिजलपुराको जनता माध्यमिक विद्यालयको कक्षा कोठाले भने अर्कै व्यथा सुनाइरहेको छ–मत दुरुपयोग र राजनीतिक हस्तक्षेपले थिलथिलो बनेको सामुदायिक शिक्षाको कथा।

विद्यालय पुग्दा लाग्यो यो पनि विद्यालय हुन्छ र ? कक्षा १ मा दुईवटा बेञ्च, दुई जना विद्यार्थी, एउटा कुर्सी र एक जना शिक्षिकाले दर्शाउँछ स्कुलको हालत। धुलाम्य कोठामा शिक्षिका पुनिताकुमारी महतोले पाठ पढाइरहेकी छिन् अबोध बालबालिकाहरुलाई। स्कुल बाहिर नजिकै गाउँहरुमा उम्मेदवाहरु नाम बताउँदै भोट मागि रहेका छन्। कक्षा १ का ६ वर्षका शिवम सहनीले आफ्नो नाम बताउँछन्, तर अर्का विद्यार्थीले नाम समेत भन्न सक्दैनन्।

लगाियहाँबाट पटक–पटक भोट लिएर नेता जिते। उसको पार्टीको सरकार पनि बन्यो। तर कुनै बेला भरिभराउ हुने बर्दिबास नगरपालिकाको पहिलो हाइस्कुल बन्द हुने अवस्थामा जेनतेन चलिरहेको छ। स्कुलको अवस्था हेर्दा लाग्छ भान हुन्छ–मृत्यु शैंयामा एउटा बिरामीझैं स्कुल पुग्यो।

कक्षा १ की शिक्षिका पुनिता भन्छिन्, 'स्कुलमा नाम धेरैको विद्यार्थीको छ तर, उनीहरु सबै बोडिङ्ग स्कुलमा भेटिन्छ। हामी के गर्ने, डेक्स–बेञ्चलाई पढाउन आएको कि विद्यार्थीलाई ?' जनता माध्यमिक विद्यालय डाँडाटोल पूर्व विद्यार्थी मञ्चका सदस्य बीरेन्द्रकुमार महतोका अनुसार कुनै समय यही विद्यालयमा एउटै कक्षामा १५० जनासम्म विद्यार्थी हुन्थे। कुल विद्यार्थी संख्या १५ सय नाघेको थियो। महोत्तरी जिल्लामा एसएलसीमा उत्कृष्ट नतिजा ल्याए पुरस्कार पाएको थियो। तर, अब विद्यालय चरम राजनीतिकरणले धवस्तै बनेको छ।

विद्यालयमा एक शिक्षक भन्छन्, 'अहिले मुस्किलले स्कुलमा त्यस्तै ३ सय हाराहारी विद्यार्थी होलान्। भवन पक्की छ, डेक्स–बेञ्च छन्, शिक्षकहरु छन्। तर, कक्षा कोठा रित्तिँदै गएका छन्। सब पार्टीको गलत राजनीतिले गर्दा भयो। जो जितेर आउँछ उसैले स्कुलमा हैकमबाद चलाउँछ। हामी के गर्ने ?' लर्गायो केवल विद्यार्थी घटेको कथा होइन। नेताले चुनावमा मतदातासँग गरेको बाचा तोडेर दिएको पीडाको सत्य कथा हो। कुरुप राजनीतक अभ्यासले एउटा समुदायको बालबालिकाहरु पढ्ने स्कुल कसरी बन्द हुँदैछ, त्यसको ज्वलन्त उदाहरण हो।

मतदाता रामवृक्ष चौधरी भन्छन्, 'गाउँको स्कुल ध्वस्त बनेपछि ४५ डिग्री तापक्रममा खाडीमा काम गर्दै स्थानीयहरु बच्चाहरुलाई निजी स्कुलमा पढाउन बाध्य छन्। जसो त्यो पनि हुत्ति छैन, उनीहरुको बच्चा बाख्रा–भैंसी चढाइरहेका छन्। के गर्ने गाउँ बनाउने नेता नै भेटिएन अहिलेसम्म, कयौं पटक भोट हालिसके। अब कसलाई हाल्ने विश्वास पनि मर्दै गयो।' करिब ९ हजार जनसंख्या भएको बिजलपुराको माझ छ जनता माध्यमिक विद्यालय। अहिले आफैलाई रुपान्तरण गरिदिने नेताको खोजीमा मतदाता मात्रै होइन् विचरा स्कुल पनि छ। स्कुल पुग्दा यस्तै भान हुन्छ कक्षा कोठा हेरेर। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यही विद्यालयमा मतदान केन्द्र तोकिएको छ।

प्रहरी–प्रशासन र निर्वाचन अधिकृतको टोली तयारीमा जुटेको छ महोत्तरी क्षेत्र नम्बर १ मा २५ जना उम्मेदवार चुनावी प्रतिपपर्धामा छन्। प्रमुख उम्मेदवारहरूमा पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेल, लक्ष्मी महतो कोइरी, मुकेशराज काफ्ले, प्रमोदकुमार महतो, योगनारायण महतो र बीरेन्द्र महतो छन्। ०७९ सालको निर्वाचनमा लक्ष्मी महतो विजयी भएका थिए। त्यसअघि यही क्षेत्रबाट मत लिएर गिरिराजमणि पोखरेल पटक–पटक मन्त्री बने–शिक्षा र स्वास्थ्यमन्त्रीको सुविधा लिए। ०७४ यता प्रदेश तहमा शारदादेवी थापा निरन्तर निर्वाचित भइ राज्यमन्त्री समेत बनिन्। स्थानीय तहमा २०७४ मा मा माओवादीका बिदुर कार्की र कांग्रेस (बागी) प्रह्लादकुमार क्षेत्री विजयी भए।

तर, बिजलपुराका करिब ६ हजार मतदाताको प्रश्न एउटै छ, 'देशकै शिक्षा मन्त्री बनाउने निर्वाचन क्षेत्रका स्कुल पनि सुधार गर्ने नीति, विधि किन बनाएनन्, बनाएको नीति पनि किन लागु नगराएको ? अब फेरि बर्दिबासलाई शिक्षाको हब बनाउन मत दिनु पर्ने ती नेताहरुलाई।' मतदाताहरुले गम्भीर छलफलमा जुटेको स्थानीय रामपूजन महतो सुनाउँछन्। चिया पसलमा भेटिएका ६४ वर्षीय मतदाता बलबहादुर श्रेष्ठ भन्छन्, 'स्कुल देख्दा–देख्दै राजनीतिले खाएर ध्वस्त भयो। हाम्रा बाबुनानीलाई पढाउने स्कुल सुधार गर्छ भनेर भोट दिन्छौं, तर जितेपछि कसैले फर्केर हेर्दैन।' उनका अनुसार विद्यालय व्यवस्थापन समिति, शिक्षक छनोट, सेवा सुविधा– सबैमा पार्टीगत भागबण्डा भयो। 'नेताहरू जितेपछि खाओवादी कार्यकर्तालाई जिम्मा दिन्छन्, अनि स्कुल कमाउने थलो बन्छ,' उनी स्कुलको व्यथा सुनाउँछन्।

विद्यालय अनुशासनहीनता र मनोमानीको शिकार भएको बताउँछन् मतदाता राजकुमार महतो। 'जो जित्यो उसैले आफन्त र कार्यकर्ता भर्ती केन्द्र बनायो। यस्तो अवस्थामा स्कुलले कसरी गुणस्तरीय शिक्षा दिन्छ ?' उनी भन्छन्, 'माध्यमिक तहमा स्थानीय सरकार चार वटा दरबन्दीको शिक्षक अरु स्थानमा पठायो। त्यो ठाउँमा रित्त राख्यो अनि आसेपासेलाई शिक्षकको रुपमा भर्ना गर्‍यो। अनि स्कुलमा अभिभावक र बच्चाको पढाईप्रति विश्वास नै खस्कियो। राम्रा शिक्षक भए पो स्कुलमा पढाई राम्रो हुने हो।'

विद्यालयसँग करिब २० बिघा जग्गा रहेको स्थानीय बताउँछन्। तर, हिसाब–किताब पारदर्शी छैन। सूचना माग्दा दुर्व्यवहार सहनु परेको आरोप छ। त्यसमा नेताहरु नै हाबी हुने गरेको मतदाता महेन्द्र महतो सुनाउँछन्। अर्का मतदाता रामचन्द्र महतो भन्छन्, 'पैसा हुनेले बच्चा बोर्डिङमा पढाउँछन्। नेताहरू आफ्ना बच्चाको नाम राजनीति गर्न, समितिमा बस्नका लागि सरकारी स्कुमा मात्रै राख्छन्, बच्चा निजीमा पठाउँछन्। सरकारी स्कुल राजनीति गर्ने अखडा भयो।'

अभिभावकको विश्वास गुम्दा निजी विद्यालय भरिभराउ छन्। गाउँका सामुदायिक विद्यालय रित्तिँदै गएको छ। यसले गरिव तथा विपन्न बच्चाहरु गुणस्तरीय शिक्षाबाट वञ्चित भएका छन्। वि.सं. २०१६ मा स्थापना भएको यो विद्यालय बर्दिबास नगरपालिकाको पहिलो हाइस्कुल हो। कुनै समय बाँस र खरको छानोमुनि पढाइ हुन्थ्यो। भुइँमा बसेर पढेका हजारौं विद्यार्थी देश–विदेशमा सेवा गरिरहेका छन्।

२०६० सालमा एसएलसीमा महोत्तरी जिल्लाभर प्रथम भई एक लाख पुरस्कार जितेको विद्यालय २०८१ सालको एसईईमा ६६ जना सहभागीमध्ये २२ जना मात्र पास ३३.३ प्रतिशत नतिजा हात लाग्यो। करिब ६७ प्रतिशत नतिजा राजनीतिको दुष्चक्रमा नै परेको स्थानीयहरु विश्लेषण हो। २२ वर्षअघिको गौरव र आजको परिणामबीच आकाश–जमिनको फरक छ। यतिखेर चुनावमा उम्मेदवारहरुले फेरि पुरानै कुरा दोहोराइरहेका छन् मतदाताहरुसँग, सामुदायिक शिक्षा सुधार्ने आफ्नो पार्टीको सत्ता चाहियो। तर मतदाताले यसअघि भोट दिए सत्तामा पुर्‍याउँदा पनि विद्यालय जस्ता महत्वपूर्ण संस्था सुधार नेताहरुले काम नगरेकोमा आक्रोशित बनिरहेका छन्।

विद्यालयले विद्यार्थीलाई तीन कुरा दिनुपर्छ–ज्ञान, सीप र आचरण। तर, कक्षामा विद्यार्थी छैनन्। व्यवस्थापनमा पारदर्शिता छैन। समुदायमा विश्वास छैन। स्कुलमा पार्टी राजनीति धमिरासरी सरेर सखाप बनाएको मतदाता श्याम पासवानले बताए। उनले भने, 'अब कुन नेता आउँछ ? कुन पार्टी आउँछ ? जसले हाम्रो स्कुल बनाउँछ, उसैलाई खोजेर भोट हालेर जिताउँछौं।' चुनाव नजिकिँदै गर्दा उम्मेदवारहरू विकासका भाषण गरिरहेका छन्। तर, यही विद्यालयको अवस्था उनीहरूकै राजनीतिक संस्कारको ऐना बनेको छ। मतदाताहरू अब छलफल जुटिरहेका छन्। भन्दै छन्, 'अब पार्टी होइन, स्कुल बनाउने उम्मेदवार रोज्ने।'

स्थानीयस्तरमा 'बिजलपुरा रुपान्तरण अभियान' सञ्चालन गरिरहेका युवाहरुले उम्मेदवारहरुसँग राजनीतिक हस्तक्षेपबाट विद्यालय मुक्त बनाएर सुधार गर्नुपर्ने माग राखिरहेका छन्। अभियानी ज्ञानेन्द्र महतो सुनाउँछन्, 'जनता माध्यमिक विद्यालय डाँडाटोलको पीडा एउटा विद्यालयको मात्रै होइन् देशैभरीको हो। यो मतको दुरुपयोग, राजनीतिक भागबण्डा र कमजोर शैक्षिक नेतृत्वको परिणामले गर्दा भयो। अब हामीले उम्मेदवार छान्ने बेलामै ध्यान दिनु पर्छ।'

# जनप्रतिनिधिलाई चुनाव प्रचार प्रसारमा सहभागी नहुन आयोगको आग्रह

काठमाडौं, ११ फाल्गुन। निर्वाचन आयोगले पालिकाका जनप्रतिनिधिलाई चुनाव प्रचार प्रसारमा सहभागी नहुन आग्रह गरेको छ। चुनावमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आयोगले यस्तो आग्रह गरेको हो। केही जनप्रतिनिधि निर्वाचन आचारसंहिता विपरीत राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसारमा सहभागी भएको उजुरी तथा गुनासो प्राप्त भएकोमा गम्भीर ध्यानाकर्षण भएको आयोगले जनाएको छ।

निर्वाचन आचारसंहितामा

**–बाँकी अन्तिम पेजमा**

# जनकपुरमा चुनावी तामझाम : मन्दिरलगायतका ऐतिहासिक सम्पदा कुरूप बन्दै, नियामक मौन



**अनिल मिश्र**

धनुषा, ११ फाल्गुन। प्रतिनिधि सभाको निर्वाचनको मिति नजिकिएसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा निर्वाचन आचारसंहिता विपरितको काम पनि उत्तिकै बढेको छ। एकातर्फ जनकपुरधामलाई सफा बनाउनुका साथै चौतर्फी विकासको वाचा गर्दै उम्मेदवारले मतदाता रिझाउने काम गर्दै हिंडे पनि अर्कोतर्फ प्रचार सामग्रीले ऐतिहासिक सम्पदा कुरूप बनाउने पुरानो रोग यथावत् नै छ। ऐतिहासिक सम्पदालाई कुरूप बनाइ निर्वाचन आचारसंहिताको खुलेआम धज्जी उडाउने काम भई रहँदा पनि सरोकारवाला नियमक निकाय प्रतिबद्धता जनाउने मै सीमित छन् ।

जनकपुरधामको मध्य भागमा रहेको राम मन्दिरमा पुजा अर्चनाका लागि स्थानीय मात्र नभइ नेपाल र भारतका विभिन्न स्थानका दर्शनार्थीहरू आउने गर्छन्। दुई वर्षअघि रंगरोगन गरी यो मन्दिरलाई चिटिक्क पारिएको थियो। जानकी मन्दिरभन्दा पनि निकै पुरानो यो मन्दिरको चारैतिरको पर्खाललाई राजनीतिक दल र तिनका उम्मेदवारहरूले चुनावी पोष्टर पम्प्लेट टाँसेर कुरूप बनाएका छन्। राम मन्दिरको सामुन्ने रहेको धार्मिक र सांस्कृतिक महत्वका रामायण भवन र धनुष सागरको अवस्था पनि उस्तै छ। धार्मिक महत्व र निर्वाचन आचारसंहिताको कुनै ख्यालै नगरी उम्मेदवार र तिनका समर्थकहरूले जथाभावी विभिन्न किसिमका रंगीचंगी चुनावी पोष्टर पम्प्लेट टाँसिदिएका छन्।

संरक्षण र सम्बर्द्धन गर्नुपर्नेहरूले नै ऐतिहासिक सम्पदाहरूलाई कुरूप बनाएको काम देखेर दर्शनार्थीहरू समेत दुःखी छन्। २०७९ को स्थानीय तहको निर्वाचनपछि मधेश प्रदेशको राजधानीसमेत रहेको धार्मिक तथा सांस्कृतिक हिर जनकपुरधामलाई स्वच्छ र सुन्दर बनाउने पहल थालिएको हो। स्थानीय तथा प्रदेश सरकारले बाह्रबिघा रंगभूमि मैदान, जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर, धनुष सागरलगायतका ठाउँका पर्खाललाई लाखौं खर्चेर रंगरोगन गरेको थियो। निर्वाचन आयोगले सार्वजनिक स्थानमा तुल, ब्यानर र पर्चा, पम्लेट टाँस्न रोक लगाए पनि जनकपुरधाममा त्यसको खासै प्रभाव परेको छैन।

चर्को आलोचना भएपछि सहरी क्षेत्रमा केही हदसम्म चुनाव चिन्ह अंकित झण्डा र ब्यानर हटाउने काम भए पनि ग्रामीण क्षेत्रका चोक चोराहा, सार्वजनिक स्थल र व्यक्ति विशेषका घरमा पनि तामझामका साथ प्रचार–प्रसारमा जुटेका राजनीतिक दलले पर्चा पम्प्लेट, ब्यानर, झण्डा जथाभावी टाँसेका छन्। आचारसंहिता विपरित पोस्टर, तुल ब्यानर जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा कानुन अनुसार कारबाही गर्ने, तत्काल हटाउने र त्यस्तो स्थानलाई दुरूस्त बनाइ राख्नुपर्नेमा अहिलेसम्म खासै काम भएको छैन। यति मात्र होइन राजनीतिक दल र उम्मेदवारहरू चुनाव प्रचारप्रसारमा बालबालिकाहरूको प्रयोग समेत गरेको पाइएको छ।

यसका साथै उम्मेदवारले चुनावी प्रचारात्मक टोपी र टिसर्ट वितरण गर्नुका साथै चर्को स्वरमा डीजे बाजा बजाउने गरेको समेत पाइएको छ।


## श्री जनसेवा माध्यमिक (प्राविधिक) विद्यालय, कर्जन्हा

जिल्ला सिरहा

मधेश प्रदेश, नेपाल

**कोटेशन आव्हान गरिएको बारे**

मिति : २०८२।११।१२

प्रस्तुत सन्दर्भमा यस विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड खरिद गर्नुपर्ने भएकोले वि.व्य.समितिको मिति २०८२।१०।१५ गतेको निर्णयानुसार कोटेशन मार्फत् खरिद गर्नुपर्ने भएकोले सूचीमा दर्ता भई आ.व. २०८२।०८३ को नयाँ नवीकरण भएका इच्छक कम्पनी वा ठेकेदारहरुले सूचना प्रकाशन भएको ७ (सात) दिनभित्र कोटेशन गर्न भर्न आव्हान गरेको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | सामग्रीको नाम | आकार |
|---|---|---|
| १ | सेनेटरी प्याड | २८० एमएम |

**प्रधानाध्यापक**


# सवारी दुर्घटनामा ट्राफिक प्रहरीको मृत्यु

धनुषा, ११ फाल्गुन। धनुषामा सवारी दुर्घटना हुँदा एक जना ट्राफिक प्रहरीको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुर उपमहानगरपालिका–४, मुरली चोकमा सोमबार भएको सवारी दुर्घटनामा मोटरसाइकल चालक ट्राफिक प्रहरी हवल्दार चन्द्रकला महतोको मृत्यु भएको हो। महतो जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीमा कार्यरत रहेकी थिइन्। प्रहरीका अनुसार भ्रमरपुराचोकबाट मुरलीचोकतर्फ आउँदै गरेको प्रदेश २–०३–००१ प ०१०४ नम्बरको टिपरले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २–०२–००२ प ७३५२ नम्बरको पल्सर मोटरसाइकललाई ठक्कर दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख सूर्यबहादुर शाहीले जानकारी दिए। महतोको शव परीक्षणका लागि प्रादेशिक अस्पताल, जनकपुर पठाइएको छ। मोटरसाइकललाई ठक्कर दिने टिपर चालक, टिपर तथा मोटरसाइकल ट्राफिक प्रहरी कार्यालय जिरोमाइलले आफ्नो नियन्त्रणमा राखी अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ।

# सप्तरीमा निर्वाचन सुरक्षाका लागि सात हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने

**विनय कर्ण**

सप्तरी, ११ फाल्गुन। फागुन २१ मा हुने निर्वाचनको सुरक्षाका लागि सप्तरीमा ७ हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन हुने भएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी परिचालन हुनेभएको हो। निर्वाचन सुरक्षामा यहाँ ७ सयको संख्यामा नेपाली सेना परिचालन हुने राजविराज स्थित बरखगणका गणपति प्रमुख सेनानी सोवितबहादुर चन्दले जानकारी दिनुभयो। यस्तै जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार नेपाल प्रहरीका १ हजार ५ सय ८८ र निर्वाचन प्रहरी ३ हजार ८ सय ३७ जना परिचालन गरिने छ।

निर्वाचन सुरक्षाकै लागि जिल्लामा सशस्त्र प्रहरी ८ सय २५ र सशस्त्रसँगै निर्वाचन प्रहरी ३ सय ८५ जना परिचालन हुने सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीले जानकारी दिनुभयो। यसरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी कुल ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी सप्तरीका परिचालन हुने बताइएको छ। सप्तरीमा रहेको स्थायी २९६, अस्थायी २ गरी २९८ मतदान स्थल मध्ये सुरक्षा विश्लेषणको आधारमा २०९ वटालाई अति सम्वेदनशील र ८३ सम्वेदनशील सुचीमा राखिएको छ। मतदाताहरूले सहज, भयरहित र निष्पक्ष मतदान सम्पन्न गराउन सोही अनुसारको सुरक्षा व्यवस्था मिलाइने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक पुरीले बताउनुभयो।

*जनप्रतिनिधिलाई ...*

रहेको व्यवस्थाअनुसार, कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको पालिका बाहेक अन्य पालिकामा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारमा संलग्न हुनसक्ने भए पनि सरकारी स्रोत र साधनको प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था छ। आचारसंहिता प्रतिकूल हुने गरी पदाधिकारीले आफू बहाल रहेको पालिकामा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चुनाव प्रचारप्रसारमा सहभागी नहुन आयोगले सचेत गराएको छ।

# उम्मेदवाहरुलाई गिज्याइरहेको कटारी–घुर्मी सडक

खाल्डाखुल्डीका कारण यात्रु र सवारी चालकलाई सास्ती हुने गरेको छ। धुलोका कारण स्थानीयको स्वास्थ्यमा समेत गम्भीर असर परेको छ।

**राकेश नेपाली**

उदयपुर, ११ फाल्गुन। उदयपुरको कटारीदेखी घुर्मीसम्म ४६ किलोमिटर सडकको कालोपत्र भत्किएर एक दशकदेखि वर्षामा हिलो र हिउँदमा धुलोको कारण स्थानीय र यात्रुले सास्ती भोग्नु परेको छ। खाल्डाखुल्डीका कारण यात्रु र सवारी चालकलाई सास्ती हुने गरेको छ। धुलोका कारण स्थानीयको स्वास्थ्यमा समेत गम्भीर असर परेको छ। उदयपुर क्षेत्र नम्बर २ मा पर्ने यो लोकमार्ग भत्किएर जीर्ण भएको दशकौं भए पनि सरकारको हालसम्म नजर नपरेको पट्नाभञ्ज्याङका लिलबहादुर खत्रीले बताए। 'चुनावका लागि भोट माग्न नेताहरु गाउँ आउन थालिसके तर, सडकको अवस्था देख्दा उहाँहरुलाई लाज लाग्नुपर्ने हो,' उनी भन्छन्।

निर्वाचनका समयमा नेताहरुले यो सडकलाई भोट माग्ने अस्त्र बनाउने गरेको र चुनाव पछि नेताहरुले बेवास्ता गर्ने गरेको स्थानीयको आरोप छ। यस क्षेत्रबाट २०६४ को निर्वाचनमा माओवादीका मोहनबहादुर खत्री, २०७० सालमा कांग्रेसका नारायणबहादुर कार्की, २०७४ मा माओवादीका सुरेशकुमार राई र २०७९ मा एमालेका अम्बरबहादुर रायमाझी निर्वाचित भएका थिए। चुनाव जितेर गएपछि कुनै पनि सासंदको पालामा लोकमार्ग स्तरोन्नति हुन नसकेको भन्दै यसक्षेत्रका मतदाता उम्मेद्वारहरुसँग रुष्ट छन्। बारम्बार उम्मेद्वारका आश्वासनले आजित भइसकेकाले कसैसँग विश्वास नरहेको कटारी नगरपालिका–८ पट्नाभञ्ज्याङका बसन्तबहादुर थापाले बताए। 'दैनिक सयौं सवारीसाधन गुड्ने यो सडकमा धुलोका कारण वरिपरीका बस्तीलाई गम्भीर असर पुऱ्याएको छ, धुलोले सागसब्जी, अन्नबाली,



तरकारी माटैमाटो हुन्छन्, खानलायक हुँदैनन्, गाई बाख्रा, घासपात सबै धुलैमाटो हुँदा पशुचौपाय पनि रोगी छन्,' उनले भने।

धुलो र धुँवाका कारण गाउँका धेरैजसो मानिस बिरामी पर्ने गरेको भए पनि चुनावमा भोट माग्न आउने उम्मेद्वारहरुले त्यसप्रति खासै चासो नखाएको उनीहरुको गुनासो छ। सडक किनारामा घरभएकी गंगाकुमारी थापाले धुलो र धुँवाका कारण फोक्सो र पेट सम्बन्धी समस्या कारण उपचारका लागि ५ वर्षदेखि विराटनगर र काठमाडौं धाइरहेको बताइन्। 'औषधि उपचार गरेर आयो, घर अगाडि धुलो उस्तै छ, कहाँ जाउँ, के गरौं ? समस्या बुझ्दिने कोही छैनन्,' उनी गुनासो पोख्छिन्। कटरी–घुर्मी हुँदै चल्ने सवारीका चालकहरु सरकार र नेताहरुको लापरवाहीले हालसम्म यो सडक स्तरोन्नति हुन नसकेको बताउँछन्। 'नहिँडौं भने काम पर्छ, ज्याला मजदुरी गरेर पेट पाल्नुपरेको छ, हिँडौं भने सडकको अवस्था यस्तो छ, रुन मात्रै सकिन्न,' कटरीका बोलेरो चालक जिवन कार्कीले भने, 'धुलोले बाटो राम्रो देख्न सकिदैन, अनुमानका आधारमा गाडी चलाउँदा जोखिम धेरै हुन्छ, खाल्डाखुल्डी र ढुङ्गाले सवारी संचालनमा जोखिम बढाएको छ,' उनले भने।

दैनिक सयौं सवारी आवातजावत गर्ने सिद्धिचरण लोकमार्ग अर्न्तगत कटरी घुर्मी सडकखण्ड स्तरोन्नतिको माग राख्दै स्थानीयले पटकपटक सडक बन्द समेत गर्ने गरेका छन्। कालोपत्र भत्किएर जीर्ण भएको सडक १२ वर्षसम्म पनि स्तरोन्नति नहुँदा कटरी हुँदै खोटाङ, ओखलढुंगा, सोलुखुम्बु र उदयपुरका बिभिन्न स्थान पुग्ने यात्रुले सास्ती भोग्नुपरेको छ। हिउँदमा धुलो र वर्षातमा हिलोका कारण सर्वसाधारणले सास्ती भोग्नु परेको भन्दै चुनावमा भोट माग्न आउने उम्मेदवारलाई त्यस क्षेत्रका नागरिकहरुले आक्रोश पोख्ने गरेका छन्। निर्वाचनका बेला उम्मेदवारले सिद्धिचरण लोकमार्ग कालोपत्र योजना आफ्नो पहिलो प्राथमिकता हुने भन्दै आश्वासन दिने गरेको भए पनि चुनावपछि सबैले वेवास्ता गर्ने गरेको उनको गुनासो छ। कटारी–घुर्मी खण्डमा दर्जनौं ठाउँमा खाल्डाखुल्डी परेका छन्, कालोपत्र उक्किएर सवारीसाधन चलाउन कठिन भएको चालकहरु गुनासो पोख्छन्। 'धेरै वर्षअघि गरिएको कालोपत्र भत्किएर सडक बेहाल बनेको छ,' कटारी–घुर्मी खण्डमा जिप सञ्चालन गर्दै आएका व्यवसायी नवराज ठकुरी भन्छन्, 'खाल्डाखुल्डीको कुरै नगरौं, वान मिस्टेक गेम ओभर हो।'

कटारी–घुर्मी ४६ किलोमिटर सडकखण्ड पार गर्न मालवाहक ट्रक तथा ठूला यात्रुवाहक बसलाई पाँच घण्टाभन्दा बढी लाग्ने गरेको छ। कटारी–मिर्चैया सडकखण्डमा मारुती र कसमस सिमेन्ट उद्योगका चुनढुंगा बोक्ने टिपरका कारण जीर्ण बनेको स्थानीयको भनाई छ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)